आज मिति २०७८ साल जेष्ठ १७ गते लुम्बीनी प्रदेशका माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भोज प्रसाद श्रेष्ठज्यू को विशेष उपस्थितिमा प्रमुख जिल्ला अधिकारी श्री नवराज सापकोटाको अध्यक्ष्यतामा जिल्ला कोभिड- १९ संकट व्यवस्थापन समिति **(DCCMC)** को बैठक सम्पन्न भयो । उक्त बैठकमा रोल्पा जिल्लामा कोभिड नियन्त्रण तथा रोकथामका लागि हाल सम्म **DCCMC** ले गरेको निर्णय तथा कार्यक्रम संयोजनको समन्वयकारी भूमिका एवं स्थानीय सरकारले गरेको कामको समिक्षा गरियो । आगामी दिनमा कोभिड संक्रमणको जोखिमबाट बच्नको लागि स्वास्थ्य पूर्वाधार निर्माणमा सबै पालिकाहरुलाई समावेश गर्ने, स्थानीय तह तथा अन्य सरोकारवालाहरु जिम्मेवार भै कार्य योजना तयार गर्ने, प्रभावकारी स्रोत व्यवस्थापन गर्ने, होमक्वारेनटाइन तथा आइसोलेसन केन्द्रमा रहेका विरामीहरुलाई डाक्टरको सल्लाह अनुसार मात्र अक्सिजन दिने व्यवस्था गर्ने, संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय र सहकार्य गर्ने, कोभिड नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी लगायतको मनोबल बढाउन आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो। त्यसै गरी माननीय मन्त्रीज्यू लगायत **DCCMC** का पदाधिकारीहरुबाट रोल्पा अस्पतालको अनुगमन तथा निरीक्षण समेत सम्पन्न गरियो ।










